## उपभोक्ता समितिको कार्यसम्पन्न भै रकम भुक्तानी सिफारिस गर्दा वडा कार्यालयले हेर्नुपर्ने मुख्य मुख्या विषयहरु

- आयोजना सम्पन्न भै प्राविधिकबाट दिइएको कार्य सम्पन्न प्रतिवेदन र भ्याट सिट समेत राखेको छ वा छैन
- आयोजनाको सम्झौता मिति र कार्य सम्पन्न गर्नुपर्ने मिति किनकी उ.स. ले सामान खरिदको विल भरपाई र डोरहाजिरी तथा खर्च सार्वजनिक र उ.स. स्तरको अनुगमन समितिको बैठक सो मिति भित्र हुनुपर्नेछ ।
- सामाग्रीहरु जस्तै सिमेन्ट रड पाइप वालुवा गिट्टी वा ढुंगा लगायत सामाग्री ल्याय पछि मात्र काम सुरु भएको देखिने गरी डोरहाजिरी भर्नुपर्नेछ ।गाउँपालिकामा सम्झौता भएको मिति भन्दा पछाडि र डोरहाजिरीमा काम सुरु गरेको र काम सम्पन्न गरेको मिति भन्दा आगावैको विल भरपाई भएको छ वा छैन ।
- ढुंगा खरिद गर्दा जग्गा धनीको लालपुर्जा र नागरिकताको फोटोकपी संलग्न गरेको हुनुपर्नेछ साथै प्राविधिकले दिएको भ्याट सिट अनुसारको परिमाणको ढुंगा खरिद गरेको देखिनु पर्नेछ ।
- सामाग्रीहरु खरिद गर्दा प्राविधिकले दिएको भ्याट सिटको परिमाणमा खरिद भएको देखिनुपर्नेछ ।
- डोरहाजिरी भर्दा समेत प्राविधिकले दिएको भ्याट सिटको परिमाणमा दक्ष र अदक्ष कामदार लगाएकै देखिनु पर्नेछ । चालु आ.व. २०७९/०८० मा दक्ष कामदारको रेट रु.११८० र अदक्ष कामदारको रेट रु ८२६ रहेको छ । डोरहाजिरी भर्दा प्रत्येक महिनाको लागि १ पानामा भर्नुपर्नेछ । कामदारको बाबुको नाम र रकम बुझिलिनेको सही तथा रकम बुझाउनेको सहि अनिवार्या गरेको हुनुपनर्नेछ साथै डोरहाजिरीमा उठेको रकम अंक र अक्षरमा लेखी उ.स. को अध्यक्षले प्रमाणित गरेको हुनुपर्नेछ ।
- तिन वटै अनुसूचीहरुमा विवरण केरमेट नगरी राम्रो सँग भरेको हुनुपर्नेछ जुन खर्च सार्वजनिक गरिएको माइनोट र विल भरपाई सँग मेल खानुपर्नेछ ।
- विल भरपाईहरु गराउँदा उ.स.को नाममा भएको हुनुपर्नेछ ।
- भाडाको भरपाई गराउँदा गाडिको करतिरेको देखिने विलबुकको फोटोकपी र ड्राइभरको लाइसेन्नसको फोटोकपी हुनु पर्नेछ ।
- विशेष गरी सिमेन्ट रड वालुवा गिट्टी  काठ ढुंगा (सम्भव भए सम्म) लगायतको निर्माण कार्यमा प्रयोग भएका सामाग्रीको अनिवार्य भ्याट विल समावेश गर्नुपर्नेछ ।
- सार्वजनिक परिक्षण फारमको रोहवरमा वडा समितिको कम्तिमा ३ जना पदाधिकारीको हस्ताक्षर भै वडाको छाप लगाएको हुनुपर्नेछ ।
- काम पूर्ण रुपमा सकेर प्राविधिक शाखाबाट कार्य सम्पन्न प्रतिवेदन तयार भएपछि मात्रै भ्याट सिट सँग मेल खानेगरी विल भरपाई सँकलन गरी खर्च सार्वजनिकको मिटीङ माइनोट गरी उपभोक्ता समिति स्तरको र वडा स्तरको अनुगमन समितिबाट अनुगम भएको प्रतिवेदन तयार भएको हुनुपर्नेछ ।